११ कोठे विद्यालय भवन शिलान्यास । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-३८ ● २०७७ चैत्र २३ गते सोमबार, ● 05 April. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## ओझेलमा पर्दै सहकारी

### स्थानीय तह




विकास संवाददाता
थाहा नगर

मुलुकको अर्थतन्त्रमा भरपर्दो आर्थिक खम्बा मानिएको सहकारी स्थानीय तहको प्राथमिकता भन्दा बाहिर छ । कतिपय स्थानीय तहमा त सहकारी अलपत्रै परेका छन् । अधिकांश स्थानीय तहले सहकारीसम्बन्धी कानुन बनाउन र नियमन गर्न नसक्दा स्थानीइ तहबाट हुने सहकारीको प्रशासनिक क्रियाकलाप भद्रगोल भएको हो ।

त्यसोतः कतिपय स्थानीय तहमा सहकारी सम्बन्धी दक्ष कर्मचारीको अभावमा पनि सहकारीको क्रियाकलाप ओझेलमा परेको छ । मकवानपुरका दशवटै स्थानीय तहमा सहकारी सम्बन्धी काम गर्ने गरी तत्कालिन डिभिजन सहकारी कार्यालयबाट अभिलेख र अद्यावधिक विवरणसहितको कागजात स्थानीय तहहरूले बुझेका छन् । यसैबीच मकवानपुरको थाहा नगरपालिकामा भने सहकारी शाखा पनि संचालनमा रहेको छ । ऐन र नियमावली पनि बनिसकेको सहकारी शाखा प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । श्रेष्ठका अनुसार-'थाहा नगरपालिकामा एउटा सहकारी पनि दर्ता भैसकेको छ ।'

सहकारी विभागका अनुसार देशभर करिब ३५ हजार सहकारी छन् । तीमध्ये २९ हजार स्थानीय तहमै छन् । सहकारीमार्फत सात खर्ब रकम परिचालन भएको छ । स्थानीय तहले सहकारीलाई बेवास्ता गर्दा सहकारीको रकम जोखिममा परेको सहकारीकर्मी बताउँछन् । पाँच हजार प्रदेश अन्तर्गत र एक सय २० सहकारीमात्रै सहकारी विभाग अन्तर्गत छन् । स्थानीय तह, प्रदेश र सहकारी विभागबीच समन्वयमा समेत कमी आउँदा सहकारी अलपत्र परेका हुन् ।

सरकारले वि.सं. २०७४ मा सहकारीलाई स्थानीय तहमा हस्तान्तरण गरेसँगै वित्तीय जोखिम बढ्न थालेको छ । सर्वसाधारणको निक्षेप संकलन गरेर सहकारी भाग्ने प्रवृति बढ्न थालेको छ । यसअघि देशका विभिन्न स्थानमा ३८ वटा सहकारी डिभिजन कार्यालयबाट सहकारीको अनुगमन हुँदै आएको थियो । अहिले अधिकांश स्थानीय तहमा सहकारी प्राथमिकतामा नपर्दा वित्तीय जोखिमको खतरा बढेको जानकार बताउँछन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा समेत कार्य सम्पादन गरिसकेका उपसचिव दीपक खड्काका अनुसार डिभिजन सहकारी कार्यालयले स्थानीय तहलाई सहकारीको फाइल हस्तान्तरण गरे पनि अधिकांश तहले फाइलअनुसार काम गर्न सकेका छैनन् । कतिपय स्थानीय तहले सहकारीको पोकोसमेत खोलेका छैनन् । मन्त्रालय र विभागले नमुना कानुन बनाए पनि स्थानीय तहले कानुन बनाउन सकेका छैनन् । तहमा छुट्टै सहकारी शाखा खोल्नुपर्ने भए पनि कतिपय स्थानीय तहले त्यसो नगरेको पाइएको छ । केहीमा डेक्स स्थापना भए पनि सहकारी हेर्ने कर्मचारी व्यवस्थान हुन सकेको छैन ।

गाउँपालिका महासंघका अध्यक्ष होमनारायण श्रेष्ठले जनशक्ति अभावका कारण सहकारीको नियमन गर्न नसकिएको बताए। सहकारीको दर्ता, नवीकरण र नियमन स्थानीय तहबाटै हुन थालेको उनको भनाइ छ । 'कति स्थानीय तहले सहकारीसम्बन्धी कानुन बनाए भन्नेबारे अध्ययन गर्नुपर्छ', उनले भने । सहकारीलाई कृषिसँग जोडेर भए पनि प्राथमिकतामा राखिएको उनको भनाइ छ । सातवटै प्रदेशमा प्रदेशअन्तर्गतको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअर्न्तगत रजिस्ट्रारको कार्यालय तथा प्रशिक्षण केन्द्रद्राख्ने तयारी भए पनि त्यसले पूर्णता पाउन सकेको छैन ।


स्थानीय तहले नियमन गर्न नसकेका कारण सहकारी क्षेत्र भद्रगोल अवस्थामा पुगेको स्थानीय तहका अगुवाहरूले बताएका छन् ।

## कुलेखानीमा पम्प स्टोरेज प्लान्टको सर्वेक्षण गर्न अनुमति

◆ विकास संवाददाता

नेपाल विद्युत् प्राधिकरणले मकवानपुर जिल्लाको कुलेखानी बाँधलाई नै प्रयोग गरेर बनाउने भनेको १०० मेगावाटको पम्प स्टोरेज प्लान्टको सर्वेक्षण गर्न विद्युत् विकास विभागबाट अनुमति पाएको छ । विभागले गतहप्ता उक्त क्षमता बराबरको कुलेखानी-सिस्नेरी पम्प स्टोरेज जलविद्युत् आयोजनाको अध्ययन गर्न प्राधिकरणलाई अनुमति दिएको हो ।

प्राधिकरणले उक्त आयोजनाको सर्वेक्षण गर्ने अनुमति माग्दै गत पुसमा विभागमा आवेदन दर्ता गरेको थियो । त्यसपछि विभागले आवश्यक अध्ययन तथा प्रक्रिया पूरा गरेर प्राधिकरणलाई



उक्त आयोजनाको सर्वेक्षण गर्ने अनुमति दिएको हो । विभागका महानिर्देशक नवीनराज सिंहले उक्त आयोजनाको सर्वेक्षणका लागि अनुमति दिएको बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले पनि आयोजना सर्वेका लागि अनुमति प्राप्त गरेको बताए । तत्काल आयोजनाको सर्वेको काम अगाडि बढाइने उनको भनाइ छ । 'अब दुई-अढाई महीनामा नै सर्वेक्षणको काम सकिन्छ । साथै, ९ महीनासम्म वातावरणीय अध्ययन पनि सकिन्छ,' उनले भने, 'त्यसपछि लगानी जुटाउने तथा आयोजना निर्माणसम्बन्धी काम गर्छौं ।' अनुमतिपत्रको म्याद २ वर्ष रहेको छ ।

## ब्लुबुक हराएको सूचना !

अर्जुन लाल थिङको नाममा दर्ता कायम रहेको मोटरसाइकलको ब्लुबुक जिल्ला मकवानपुर थाहा नगरपालिका वडा नम्बर ७ डाँडाबासबाट थाहा नगरपालिका वडा नम्बर ३ शिखरकोट आउने क्रममा दामन-डाँडाबास सडक खण्डमा मिति २०७७ चैत्र ४ गते हराएकोमा हालसम्म पनि फेला नपरेकोले फेला पर्नुहुने महानुभावहरुले खबर गरी उपलब्ध गराइदिनूहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइ सहयोग गरिदिनूहुन अनुरोध छ ।

| | |
|---|---|
| मोटरसाइकल धनीको नाम | : अर्जुन लाल थिङ |
| मोटरसाइकल नं. | : बागमती प्रदेश-०२ ०२०प ४४३० |
| इन्जिन नं. | : DKXCLF32964 |
| च्यासिस नं. | : D2A13EX2LCF82532 |
| सम्पर्क नं. | : ९८४५७८४७९९ |

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

देशमा शान्ति सुव्यवस्था र विकास सबै नेपालीको चाहना हो ।
यसमा प्रतिवद्ध हुनु नेपालीहरुको कर्तव्य हो

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## स्थानीय तहले सहकारी बुझुन्

मुलुकभर २० चैत्रमा राष्ट्रिय सहकारी दिवस महत्वकासाथ मनाइएको छ । कुनै पनि दिवस मनाउनुको अर्थ इतिहासको सम्झना, वर्तमानको समीक्षा र भविष्यको योजना निर्माण गर्नु हो। त्यसैले सहकारी दिवसलाई पनि नेपालको समग्र सहकारी आन्दोलनको समीक्षा गर्ने दिनको रुपमा स्थापित गर्दै मनाइएको छ । हरेक क्षेत्रको विकास हुँदै जाँदा त्यहाँ राम्रा र नराम्रा दुबै प्रवृत्तिको विकास भएको हुन्छ। नेपालमा संख्या र प्रभावकारिता दुबै हिसाबले सहकारीको उल्लेख्य विकास भएको छ। झण्डै ६५ लाख जनता सहकारीमा आबद्ध भएर कारोबार गरिरहेका छन् । सहकारीले धेरैको जीवन सञ्चालनमा सहजता ल्याइ पनि रहेका छन् । सँगसँगै अन्य क्षेत्रमा जस्तै सहकारीमा पनि बिकृति र बिसंगति पनि हुर्किरहेका छन् । यी दुबैखाले प्रवृत्तिको वस्तुसंगत समीक्षा गरेर सहकारी आन्दोलन अघि बढाउन नयाँ भिजनको आवश्यकता छ। सहकारी सहकार्यमा आधारित ब्यवसाय पनि हो। ब्यवसायको उद्देश्य नाफा कमाउनु नै हो। सहकारीको पनि मूलभूत उद्देश्य नाफा कमाउनु नै हो। तर त्यसरी नाफा कमाउँदा सबै सदस्यहको समान स्वामित्व र समान प्रतिफल कायम हुनु सहकारीको विशेषता हो।

सहकारीको राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभव हेर्दा पनि सहकारी ठूला पूँजीपतिको होइन विपन्न र आधारभूत वर्गको सहयोगी आर्थिक आधारको शुरुवात भएको पाइन्छ। आधुनिक सहकारीको इतिहास सन् १८४४ को डिसेम्बर २१ का दिन बेलायतको म्यानचेष्टर सिटीबाट शुरु भएको हो। नेपालमा आधुनिक सहकारीको शुरुवात २०13 साल चैत २० गतेदेखि भएको पाइन्छ। चितवनको बखान ऋण सहकारी संस्थामार्फत शुरु भएपछि नेपालमा सहकारी अभियान शुरु भएको हो। आधुनिक सहकारीको इतिहास छ दशक लामो मात्रै भए पनि परम्परागतपमा नेपालमा सहकार्यको अभ्यास परापूर्वकालदेखि हुँदै आएको हो। गुठी, पैंचो, पर्म, धर्म भकारी, ढुकुटी विभिन्न शीर्षकका आर्थिक कारोबार हुँदै आएका थिए, जो मुनाफाभन्दा परोपकारमा आधारित थिए। ती आर्थिक संस्थाहरुले जनताको जीवनमा आइपर्ने आर्थिक समस्या समाधान गर्ने गरेका थिए। परम्परागत आर्थिक संस्थादेखि सहकारीसम्म आइपुग्दा यी सबै जनताको सहकार्यमा आधारित भएर सञ्चालन भएको पाइन्छ। हामीले अहिलेको मुलुकको अर्थव्यवस्था हेर्‍यौं भने पनि सहकारीलाई अर्थतन्त्रको मूल आधार मानिएको छ । सहकारीका धेरै सिद्धान्त समाजवादी अर्थनीतिसँग मिल्छन्। सहकारीका मालिक र ग्राहक दुबै एउटै हुन्छन्। सहकारीमा पूँजीको होइन सदस्यको महत्व हुन्छ। संस्थाका संस्थापक, सञ्चालक तथा कर्मचारीहरू स्थानीय समुदायका व्यक्तिहरू नै हुन्छन्। सहकारी बलियो सामाजिक आधार भएको समुदाय केन्द्रित व्यवसाय हो। यसरी हेर्दा समाजवादी अर्थतन्त्र र सहकारीका धेरै सिद्धान्त समान प्रकारका छन् ।

हामीले नेपालमा अन्य मुलुकमा जस्तो एक दलीय वा दलविहीन समाजवादको अभ्यासको कल्पना गर्ने अवस्था पनि छैन। त्यसैले नेपाली विशेषताको समाजवादी अर्थनीतिको विकास गर्न सहकारी महत्वपूर्ण आधारको पमा रहनसक्ने संभावना छ। नेपालको सहकारी क्षेत्रमा पनि ठूलो बेथिति छ। सिद्धान्त जतिसुकै राम्रा भए पनि सहकारीहरु अहिले पनि विपन्न जनताका जीवनस्तर उकास्ने आधार बन्न सकिरहेका छैनन्। सहकारीमा आम जनताको पहुँच र स्वामित्व स्थापित गर्नेभन्दा पनि केही हुनेखाने र टाठाबाठाहरुकै कारोवारको रुपमा सञ्चालित छन् । यस्तो बेथितिको अन्त्य गर्ने अहिले सुवर्ण अवसर छ । स्थानीय तहलाई नै सहकारीको दर्ता, नियमन र अनुगमन अधिकार छ । सबै स्थानीय तहमा सहकारी शाखाहरु स्थापना भएका छन् । अब, सहकारीको मर्म बुझेर यिनीहरुलाई थप क्रियाशील बनाई विपन्न र आर्थिक पहुँच नभएकाहरुलाई आर्थिक सम्वृद्धितर्फ उन्मुख गराउन थप पहल गर्नुपर्नेछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# डढेलो नियन्त्रणमा स्थानीय सरकारको भूमिका



डा. माधव अधिकारी

> केही तथ्यांकहरूका आधारमा नेपाल विश्वमा विपत् जोखिमको नक्शांकनमा बीसौं स्थानमा रहेको छ भने नेपाललाई पहिरो र बाढीजस्ता जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट तीसौँ स्थानमा राखिएको छ ।

नेपालको विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, प्राकृतिक एवं मानवीय क्रियाकलापबाट सिर्जित साथै जलवायु परिवर्तनबाट परेको प्रतिकूल प्रभावका कारणले विपत्को दृष्टिकोणले उच्च जोखिममा रहेको बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिम पहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको विभिन्न अध्ययन अनुसन्धान र घटनाले देखाएको छ। विगतमा विपत् जोखिम व्यवस्थापनको सवालमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व नदिइँदा धनजनको ठूलो नोक्सान भएको छ । विपत् जोखिम व्यवस्थापनलाई विकासका योजनासँग मूल प्रवाहीकरण गरी उत्पादनशील समुदाय, समाजको दायित्वभित्र पार्न आ–आफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक भएको छ ।

नेपालको राजधानी काठमाडौँ उपत्यका साथै तराईका क्षेत्र तथा पहाडि भू-भागहरू प्राकृतिक प्रकोपको व्यवस्थापनको दृष्टिले एक अति संवेदनशील क्षेत्र मानिन्छ। घना आवादी बढ्दै जानु, कमजोर किसिमले आधारभूत संरचनाहरू निर्माण हुनु, जाडो याममा शीतलहर र आगलागी, वर्षायाममा चारैतिर ठूलो बाढीपहिरोका समस्याका कारण यहाँको प्रकोप संकटासन्नता तथा जोखिमको स्तर बढ्दै गएको पाइन्छ । साथै, अव्यवस्थित रूपमा भइरहेको सहरीकरणसँगै भूकम्पीय दृष्टिले नगरक्षेत्रका भवन तथा भौतिक संरचनाहरू पनि जोखिमको अवस्थामा छन् ।

नेपालका विभिन्न क्षेत्रहरूमा भूकम्प, बाढी, पहिरो, विष्फोट, आगलागी, सुख्खा, आँधी, शीतलहर, चट्याङ, डढेलोजस्ता सम्भावित सबै प्रकारका विपत्जन्य अवस्थाहरूको पूर्वसूचना, संकटासन्न अवस्था तथा त्यस्ता क्षेत्रहरूमा रहेका जोखिम विवरण समुदाय र सरोकारवाला निकायहरूलाई उपलब्ध गराई सम्भाव्य विपत्बाट बचाउन पूर्वतयारीको लागि संघ, प्रदेश र स्थानीय तहमा सोसम्बन्धी कार्यहरू गर्न आवश्यक छ ।

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, शीतलहर, सर्पको टोकाइ एवं जलवायु परिवर्तनजस्ता विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटासन्न अवस्थामा रहेको छ। उदाहरणको रूपमा, एकैदिन २०७७ चैत्र १२ गते बिहीबार एकैदिन ४७ जिल्लामा चार सय ७९ ठाँउमा डढेलो लाग्यो । विज्ञका अनुसार सो दिनको डढेलो अहिलेसम्मकै सबैभन्दा धेरै भएको बताएका छन् नासाको मोडिस प्रविधिले खिचेको डढेलोको तस्बिर विश्लेषण गर्ने हो भने यति डढेलो विगतमा कहिलै लागको थिएन मध्ये फाल्गुणदेखि वैशाखसम्म अत्यधिक डढेलो लाग्ने गर्दछ । तर यो वर्ष हिमाली क्षेत्रमा कात्तिकदेखि नै डढेलो लाग्न सुरू भएको थियो ।

गत वर्ष कात्तिकदेखि चैत्र १२ गतेसम्म एक सय ६५ ठाउँमा डढेलो लागेको थियो। यो वर्ष सो अवधिमा दुई सय ८७ स्थानमा डढेलो लागेको छ । चैत्र १३ गते बिहानसम्म सफा रहेको काठमाडौँको वायुमण्डल शुक्रबार अपरान्हपछि एकाएक धुमलिन पुग्यो । क्षणभरमै तुँवालोले भरियो । भिजिविलिटी झट्टै घटेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अपराह्नपछि हवाइ सेवा समेत रोकिएको थियो। घरबाहिर निस्केका सर्वसाधारणले आँखा पोलेको महसुस गरे । विश्व स्वास्थ्य संगठनले वायुको गुणस्तर सूचकांक तीन सयभन्दा बढी भएका घातक भनेको छ । उपत्यकामा सूचकांक चार सय ७० सम्म रेकर्ड हुन पुग्यो ।

काठमाडौँको चारैदिशाको जंगलमा बिहीबारदेखिनै डढेलो लागेको थियो। सोको प्रभाव काठमाडौँमा भित्रियो । सो धुँवा थप्रिएपछि आँखा पोल्ने समस्या हुनाका साथै दिउँसै अन्धकार भयो। वायुको एक्यूआईबारे विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार, ३५ भन्दा कम स्वस्थ वायु, दुई सय एकदेखि तीन सयसम्म अस्वस्थकर, तीन सय एकभन्दा माथि घातक। स्मरण रहोस् सो दिन भैँसेपाटीमा चार सय ७०, भक्तपुरमा तीन सय पाँच, सिमरामा दुई सय ४८, कीर्तिपुरमा दुई सय ३१, दमकमा एक सय ९७, रत्नपार्कमा एक सय ७९, पोखरामा एक सय ६०, धनगढीमा एक सय ५९, हेटौँडामा एक सय ५२ पुगेको थियो ।

विपत् व्यवस्थापनको पूर्वतयारी नहुँदा डढेलोजस्तो विपतलाई व्यवस्थापन गर्न कठिनाइ र लामो समय लाग्छ । जाडोयाम बढेसँगै आगो ताप्न जथाभावी फोहोर जलाउने तथा आगो बाल्ने कारणले गर्दा पनि आगलागी तथा डढेलोजस्ता विपदको सामना गर्नुपरेको छ । यसका अतिरिक्त विभिन्न प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक तथा हवाइ दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपत्का घटनाहरू पनि हुनेगरेका छन् यसरी नेपालले वर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपत्का घटनाहरूको सामना गरिरहनु परेको छ ।

केही तथ्यांकहरूका आधारमा नेपाल विश्वमा विपत् जोखिमको नक्शांकनमा बीसौं स्थानमा रहेको छ भने नेपाललाई पहिरो र बाढीजस्ता जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट तीसौँ स्थानमा राखिएको छ । काठमाडौँ उपत्यकालगायत नेपालको पहाडी र हिमाली भाग तथा भूकम्पीय प्रभावका दृष्टिबाट प्रथम जोखिमपूर्ण स्थानमा रहेको छ ।

नेपालको सम्पूर्ण भू–भाग भूकम्प जाने सम्भावित क्षेत्रभित्र पर्दछ भने मध्य भू-भाग अति जोखिम क्षेत्रभित्र पर्दछ । जलवायु परिवर्तनको कारणले नेपालमा नियमित रूपमा वर्षा हुँदैन। कहिले भारी वर्षा कहिले अनावृष्टि हुने खतरा छ भने कमजोर र भिरालो धरातलीय कारणवाट भू–क्षय भई नेपालको अधिकांश तराई भू-भागमा बाढीपहिरोले सताउने गरेको छ । त्यस्तै अर्कोतर्फ वनजंगलको विनाश, प्रकृतिक स्रोतहरू पानी, ढुंगा, बालुवा आदिको अनियन्त्रित दोहन तथा अव्यवस्थित बसोवासले धेरै विपत् निम्त्याएको अवस्था छ। यसले राष्ट्रको करोडौँ धनराशि खेर गएको छ ।

प्रकोपको समस्या समाधान गर्न स्थानीय निकायले आफ्नो क्षेत्रमा वनजंगलको संरक्षणमा विशेष ध्यान दिई व्यवस्थितरूपले नदीबाट उचित मात्रामा गिटी बालुवा निकाल्ने तथा कृषि/वन सम्बन्धमा संयुक्त परियोजना सञ्चालन गर्दै बढीभन्दा बढी मात्रामा वृक्षरोपण तथा संरक्षणको कार्य गर्नुपर्दछ। खोला नाला नियन्त्रण गर्ने, उचित स्थानमा बस्ती बसाउने, विकास निर्माणका योजना वातावरण मैत्री बनाउनुपर्छ ।

विपतको प्रभाव न्यून गर्न विपतको लागि पूर्वतयारी गर्ने समुदायलाई प्रकोप बहन गर्न सक्षमबनाउने तथा हरेक वडामा विपत् व्यवस्थापन योजना बनाउन आवश्यक देखिन्छ । अति आवश्यक सेवालाई चुस्त बनाउँदै विपतको बारेमा शिक्षा दिने र लिने, क्षमता वृद्धि गर्ने, स्रोत साधन परिचालन गरी विपत् व्यवस्थापनका कार्य व्यवस्थितरूपमा सञ्चालन गर्नुपर्दछ । स्थानीय निकायले प्रकोप आउनुअघिको अवस्था, भइरहेको अवस्था र त्यसपछिको पुनःर्स्थापनाको कार्यलाई व्यवस्थितरूपले सञ्चालन गर्नुपर्दछ ।

हालैका वर्षहरूमा मनसुनी वर्षाको ढाँचा परिवर्तन भई मनसुन समाप्त हुन ढिलो हुँदा सक्रिय मनसुनको अवधि लम्बिन गएको संकेत पाइएको छ। उच्च तीव्रतर चरम वर्षाको क्षेत्रीय प्रवृत्ति वार्षिक वा मनसुनी वर्षाको प्रवृत्तिभन्दा धेरै फरक हुन्छ । तराई र चुरे क्षेत्र जहाँ अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन्छ, उच्च तीव्रत्तर चरम वर्षाको चपेटामा नेपालका धेरै ठाउँ परेका छन् । विपत् प्रकोप र संकटउन्मुखताको संयुक्त परिणाम हो ।

सबैभन्दा जोखिम समूहमा कम आय भएका र गरिब परिवारहरू, सीमान्तकृत र बहिष्कृत समुदायहरू, महिलाहरू, बालबालिका, वृद्ध र अपाङ्गता भएका व्यक्तिहरू पर्दछन् । विपत् जोखिम सामाजिक, आर्थिक र राजनीतिक ढाँचा र उनीहरूबीचको अन्तरसम्बन्धमा निर्भर गर्दछ । विपतका आयामहरू गतिशील छन् । विपतमा प्रत्यक्षरूपमा देखापर्ने अवस्था वा सम्मुखता र संकटउन्मुखता घटाएर तथा उत्थानशीलता अभिवृद्धि गरेर डढेलोजस्तो विपत् जोखिम न्यूनीकरण गर्नु स्थानीय सरकारको जिम्मेवारी हो ।

# पारिवारिक खुसीको लागि अपनाउन सकिने ४ उपाय



घर-परिवार त्यो स्थान हो जहाँ तपाईं आफ्नो सबै थकान भुलेर सहज महसुस गर्नुहुन्छ। तपाईं कस्तो ठाउँमा बस्दै हुनुहुन्छ त्यसले कुनै फरक पार्दैन, केवल परिवारको साथ आनन्दका साथ बाँच्नको लागि परिवार एउटा उपयुक्त स्रोत हो । जब तपाईंको घरमा एउटा आमाबाबु र बच्चाहरू हुन्छन् त्यसलाई एउटा परिवार मान्ने गरिन्छ । यही परिवारले हामीमा खुसीको सञ्चार भर्छ भने त्यही खुसीमा नै हामीले सबै कुरा फेला पार्न सक्छौं । तर यति हुँदाहुँदै पनि परिवारमा खुसीको सञ्चार भर्न सकिएन भने त्यसले खुसी भन्दा झमेला निम्त्याउन सक्छ । तर कसरी सञ्चार गर्ने त परिवारमा खुसीको ?

आफ्नो परिवारलाई हरेक झण्झटबाट बचाउनु परिवारको मुलीको उत्तरदायित्व हो । व्यस्तताका कारण तपाईंलाई आफ्नो परिवारसँग समय बिताउन पर्याप्त समय नपुगेको हुन सक्छ । तर तपाईंले यो याद राख्नुपर्छ कि तपाईंको परिवार तपाईंको जीवनको सबभन्दा महत्त्वपूर्ण अंशहरू हुन् । त्यसकारण तपाईंको कामको साथमा तपाईंको परिवारलाई सुखी राख्नु पनि तपाईंको जिम्मेवारीभित्र पर्छ । यहाँ पारिवारिक जीवनको खुसीको लागि केही सुझावहरू छन् ।

### काम र परिवारको बीचमा सद्भाव सिर्जना गर्नुहोस्

यदि तपाईं सुखी पारिवारिक जीवन बिताउन चाहनुहुन्छ भने आफ्नो व्यक्तिगत र व्यावसायिक जीवनको बीचमा तालमेल सिर्जना गर्नु आवश्यक छ। यद्यपि यो अलि गाह्रो कुरा पनि हो तर असम्भव छैन । तपाईं आफ्नो कामलाई यस्तो तरिकाले प्रबन्ध गर्न प्रयास गर्नुहोस् । तपाईं परिवारलाई पनि समय दिन सक्षम हुनुहुन्छ। यो यस्तो हुँदैन कि प्रत्येक पटक तपाईंको कामसँगै परिवारको आवश्यकताको जिम्मेवारी थपिँदै जान्छ । हामीले व्यक्तिगत वा व्यावसायिक जीवनमा एकलाई बेवास्ता गर्दा तपाईंको पारिवारिक जीवनमा नराम्रो असर पर्न सक्छ ।

### राम्रो सामानको कदर गर्नुहोस्

जब तपाईं परिवारका एक सदस्य वा बच्चाले केही राम्रो गरेको महसुस गर्नुहुन्छ, तब तपाईं तिनीहरूको प्रशंसा गर्न कन्जुस्याइँ नगर्नुहोस् । यो किनभने तिनीहरू त्यसो गरेर खुशी हुन सक्छन् । यसले तपाईंको परिवारमा घनिष्ठता बढाउनेछ र यसले नकरात्मक भावलाई पनि हटाउने छ ।

### सँगै बसेर खाना खाने गरौं

परिवारको अर्थ साथ हो । जसले खुसी र दुः खमा साथ दिने गर्छन् । सँगै बसेर खाना खाँदा पनि तपाईंको सम्बन्ध बलियो हुन्छ र परिवारमा प्रेम बढ्छ । यदि कुनैदिन तपाईं छुट्टिमा हुनुहुन्छ भने कतैको यात्रासँगै नविन किसिमको खानेकुरा पनि खान सक्नुहुन्छ । तर प्रायः जसो तपाईं परिवारको साथमा सँगै खाना खाने कोसिस गर्न सकिन्छ।

### सप्ताहान्त यात्राको योजना

प्रत्येक सप्ताहन्त घरको काममा भन्दा परिवारको लागि खर्च गर्नु उपयुक्त हुन्छ । तपाईंको बच्चाहरू सँग एक सप्ताहान्त यात्राको योजना बनाउनुहोस् । जसमा तपाईंले घुम्न जाने योजना बनाउनु पर्छ । चलचित्र हेर्न जान सक्नुहुन्छ, पिकनिक जान सक्नुहुन्छ वा केही अन्य योजनाहरू गर्न सक्नुहुन्छ। यसले तपाईंको बच्चा र परिवारका सदस्यहरूलाई एक अर्काको नजिक ल्याउन मद्दत गर्छ ।

यसरी हामीले साना साना तरिकाबाट पनि परिवारमा खुसी बढाउन ठूलो भूमिका खेल्न सक्नुहुन्छ । आवश्यक छैन कि तपाईं परिवारको खुसीको लागि ठूलो वा महँगो खर्च गर्नुहोस् । समय समयमा तपाईं घरमा एउटा सानो भोजको आयोजना पनि गर्न सक्नुहुन्छ, जसले तपाईंको खुशी बढाउनेछ ।

# पोलेका बिरामीको हेरचाह कसरी गर्ने ?



महिला र केटाकेटीमा पोलाइको समस्या धेरै नै हुने गर्छ । जुनसुकै प्रकारको पोलाईमा सबैभन्दा पहिले बरफ चिसो पानी वा चिसो पानीमा डुबाएको कपडाले पोलेको ठाउँमा १५ मिनेटसम्म चिसो पानीमा डुबाएर राख्नुपर्छ ।

चिसो बनाइसकेपछि पोलाई कति छ त्यही अनुसार उपचार गर्नुपर्छ । पोलेको घाउलाई कसकेसम्म सफा राख्नुपर्छ । घाउलाई फोहोर, धुलोमा बस्ने झिँगा र अन्य किराहरूबाट जोगाउनुपर्छ । पोलेको घाउमा चिल्लो पदार्थ जनावरको छाला, कफी, जडिबुटी, माटो वा गोबर राख्नु हुँदैन । पोलेको व्यक्तिले पर्याप्त मात्रामा शरीर विकास गर्ने खाना(प्रोटिन) खानुपर्छ । यस्तो अवस्थामा मुख बार्नु पर्दैन । सामान्यतया पोलाइ ३ किसिमका हुन्छन् ।

**१ सामान्य पोलाइ**

यस किसिमको पोलाइले छालामा फोका उठ्दैन । तर छाला गाढा वा रातो बनाउन सक्छ । चिसो बनाइसकेपछि यसलाई थप उपचारको आवश्यकता पर्दैन । दुखाइ कम गर्न एप्रिन वा पारासिटामोल प्रयोग गर्न सकिन्छ । यस क्रममा स्रक्रमण नहोस् भन्नको लागि पोलेको घाउ सफा गर्नुअघि आफ्नो हात राम्ररी धुनुपर्छ ।

**२ छालामा फोका उठ्ने पोलाइ**

छालामा पोलेर उठेको फोकालाई फुटाउनु हुँदैन । फोका फुटाएर वा संक्रमण निवारण गरिएको सुईले वा सिरिन्जले पनि त्यसभित्रको तरल पदार्थलाई निकाल्नु हुँदैन । फोका आफैँ फुटेमा संक्रमण निवारण गरिएको कैची प्रयोग गरी मरेको छाला हटाउनुपर्छ ।

निर्मलीकरण गरिएको गज, कपास वा संक्रमण निवारण गरिएको कपडामा हल्का साबुन लगाइ घाउ सफा गर्नुपर्छ । सफा गर्न हाइड्रोजन पेरोक्साइड पनि प्रयोग गर्न सकिन्छ । यदि घाउमाथिबाट कपडा हटाउने प्रयास गर्दा कपडा टाँसिन्छ भने उमालेर चिस्याएको पानीले त्यसलाई भिजाउनुपर्छ । अनिमात्र हल्का कपडासँग कपडा हटाउनुपर्छ ।

संक्रमण भएमा घाउको दुखाइ बढ्छ, अझ बढी सुन्निन्छ र घाउको वरिपरिको छाला रातो र कडा बन्दै जान्छ । यस अवस्थामा पेन्सिलिन वा एम्पिसिलिन जस्ता एन्टिबायोटिक दिनको ४ पटकका दरले ७ दिनसम्म दिनुपर्छ । तर ५ दिनपछि पनि संक्रमण नहटेमा त्यसको साटो इरिथोमाइसिन दिनको ४ पटकका दरले ७ देखि १० दिनसम्मे दिनपर्छ ।

**३. गहिरो पोलाइ**

यस्तो प्रकारको पोलाइले छाला नै नष्ट गर्न सक्छ र मासु पनि डढाउँछ । यसप्रकारको पोलाइ जहिले पनि गम्भीर प्रकृतिको हुन्छ । यसरी पोलिएका व्यक्तिलाई तुरून्तै उपचारको लागि लैजानुपर्छ । उपचारको लागि अन्यत्र लैजाँदा घाउलाई किटाणुरहित गरी भिजाइएको कपडा वा रूमालले छोप्नुपर्छ । कपडा भिजाउन प्रयोग गरिएको पानी उमालेर चिस्याइएको हुनुपर्छ । बिरामीलाई प्रशस्त तरल झोल पदार्थ दिनुपर्छ ।

# वास्तुअनुसार घरमा केको छाया पर्दा अशुभ हुन्छ ?



वास्तुशास्त्र हरेक दिशा र कोणलाई हेरेर व्याख्या गर्ने शास्त्र हो । मुख्यतया ८ वटा दिशालाई महत्वका साथ हेर्ने यस शास्त्रले घर बनाउँदा कुन दिशामा कस्तो प्रयोजनको सामान राख्ने भनेर पनि सुझाव दिने गर्छ । सूर्यको किरण, घरको वातावरण अनुसार चिस्यानको सम्भावना जस्ता पक्षले वास्तुलाई निर्देशित गरेको हुन्छ ।

वास्तुले हरेक व्यावहारिक पक्षलाई आधार मानेर विश्लेषण गर्ने गर्छ । हिमालको काखमा भएको घरको ढोका दक्षिणतर्फ फर्काउने गरिन्छ भने पश्चिमबाट हावा चल्ने घरमा पूर्वतर्फ ढोका राख्ने गरिन्छ । त्यस्तै घरको माथि ठूलो रूखको छाया छ भने त्यसले सो घरमा बस्ने मान्छेको प्रगति रोक्छ भन्ने मान्यता राखिन्छ । यसरी वास्तुले स्थानलाई आधार मानेर मान्छेको व्यावहारिक पक्षलाई खोतल्ने गर्छ ।

अग्निले प्रतिनिधित्व गर्ने कोण भएकोले आग्नेय कोणलाई ऊर्जाको लागि उपयुक्त मान्ने गरिन्छ । आग्नेय कोण पूर्व र दक्षिणतर्फको कोण हो । सूर्य उदाएलगत्तै सबैभन्दा पूर्वतर्फको भाग सूर्यको स्पर्शमा पर्छ । त्यसैले यो कोणले आफैंमा ऊर्जाको प्रतिनिधित्व गर्ने गर्छ । त्यसकारण यो विश्वास गरिन्छ कि यस दिशामा एक किसिमको विशेष ऊर्जा पाउन सकिन्छ । यस दिशामा भान्साकोठा राख्नु उपयुक्त मानिन्छ । यसतर्फ बिजुलीका उपकरणहरू समेत राख्न सकिन्छ ।

वास्तुशास्त्रमा धेरै प्रकारका भेदहरू हुन्छन् । यी सबैले घर निर्माणको विभिन्न पक्षलाई उजागर गर्ने गर्छ । वास्तुशास्त्रमा हावापानी, सूर्य उदय र अस्त जस्ता विभिन्न कोणबाट यसलाई प्रस्तुत गर्ने गरिन्छ । यसमध्येको एक हो छायावेध हो । छायावेधले घरमा के-केको छाया पर्दा कस्तो असर देखिन्छ भन्ने बारेमा निर्णय गर्ने गर्छ । ज्योतिष शास्त्रमा छायालाई राहु र केतुको प्रतीक मानिन्छ । परिवारमा बस्ने सदस्यहरू छायाको कारण नै प्रायः बिरामी हुन्छन् भन्ने मान्यताका आधारमा घरमा छायाको प्रभावबाट बच्नुपर्छ भन्ने मान्यता राखिन्छ । कुन वस्तुको छाया घरमा पार्नु हुँदैन भन्नेबारेमा यहाँ उल्लेख गरिएको छ ।

**१. ध्वज छायाको असरः** ध्वज छाया भनेको झण्डाको छाया हो । मन्दिरको १०० फिट आसपास बनाइएको घरहरू झण्डाको छायाबाट ग्रस्त हुने गर्छन् भन्ने मान्यता छ । तर यो मन्दिरको उचाइ र झण्डाको उचाइमा निर्भर हुन्छ । हिजोआज मन्दिरभन्दा अग्ला घरहरू बन्न थालेका छन् जसले गर्दा यो समस्याको जोखिम पनि कम हुने गर्छ ।

**२. मन्दिर छायाको असर :** यदि बिहान १० देखि ३ बजेसम्म अर्थात् मध्याह्नको आसपासमा मन्दिरको छाया घरमा परेको छ भने अर्थात् मध्य घामको केही घण्टा अघिपछि घरमा मन्दिरको छाया परेको छ भने यसले अशुभ फल दिन्छ भन्ने मान्यता छ । यस्तो छायाका कारण परिवारमा अशान्ति, व्यवसायमा घाटा र विवाह वा सन्तानमा ढिलाइ हुने गरेको छ ।

**३. पर्वतको छायाको असर :** यदि तपाईंको घरको नजिक कुनै पहाड छ र जसको छाया तपाईंको भवनमा परेको छ भने त्यो पनि अशुभ हुन सक्छ । भवनको पूर्वी भागमा पहाडको छाया पऱ्यो भने मान्छेको ख्यातिमा त्यसले असर गर्छ भन्ने मान्यता छ ।

**४. भवनको छायाको असर :** यदि तपाईंको घरभन्दा ठूलो घर छ र त्यसको छाया तपाईंको घरमा पर्छ भने यसबारे पनि चासो दिनु आवश्यक हुन्छ । आफ्नो घरले कुवा वा इनारमा छाया पार्न दिनुहुँदैन ।

**५. रूखको छायाको असर :** यदि रूखको छाया मध्याह्नको आसपास घरमा पर्छ भने यो वास्तु अनुसार हानिकारक हुन्छ । यसमा पनि दिशाको ज्ञान हुनु आवश्यक छ। यो छायाले सो घरमा बस्ने व्यक्तिको प्रगति रोक्छ भन्ने वास्तु शास्त्रीय मान्यता छ ।

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।
www.thahatimes.com
स्थानीय खबरका लागिः
www.thahatimes.com

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।

# क्वारेन्टिन तथा आइसोलेशन तयारी अवस्थामा राख्न अनुरोध



◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरको कोभिड–१९ संकट व्यवस्थापन केन्द्रको बैठकले यसअघि मकवानपुरमा सञ्चालनमा आएका क्वारेन्टिन तथा आइसोलेशन तयारी अवस्थामा राख्न अनुरोध गरेको छ ।

हेटौंडामा २० चैत्रमा प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालको नेतृत्वमा बसेको व्यवस्थापन केन्द्रको बैठकले कोभिड–१९ को संक्रमणको सम्भावनालाई मध्यनजर गर्दै यसअघि सञ्चालनमा आएका क्वारेन्टिन तथा आइसोलेशन केन्द्रलाई तयारी अवस्थामा राख्न सबै स्थानिय तह र हेटौंडा अस्पताललाई अनुरोध गर्ने निर्णय गरेको छ । बैठकले संक्रमण फैलिन नदिन विद्युतीय माध्यमबाट चेतनामूलक सन्देश प्रसारण गर्ने व्यवस्था समेत मिलाउने निर्णय गरेको छ ।

बैठकले मेला, महोत्सव, नयाँ वर्ष जस्ता चाडपर्वहरूमा भिडभाड नगर्न, नगराउन तथा सबैले जनस्वास्थ्यको मापदण्डहरू कडाईकासाथ पालना गर्न, गराउन सबैमा अनुरोध गर्ने निर्णय गरेको छ ।

# सात निर्माण कम्पनीमाथि सडक डिभिजन कार्यालय हेटौंडाद्वारा कारबाही

◆ विकास संवाददाता

सडक डिभिजन कार्यालय हेटौंडाले सम्झौता बमोजिम निर्माण सम्पन्न नगर्ने तथा सम्पर्कमा नआउने सात निर्माण कम्पनीमाथि कारबाही थालेको छ ।

कार्यालयका सूचना अधिकारी लोमस उपाध्यायका अनुसार पटकपटक लिखित र मौखिकरूपमा ताकेता गर्दासमेत सम्पर्कमा नआएपछि ती सात वटा निर्माण कम्पनीसगँको ठेक्का सम्झौता समेत तोडेर आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइएको छ ।

आशिया कन्स्ट्रक्सन, सौरभा कन्स्ट्रक्सन, सरस्वती निर्माण सेवा, सोनु कन्स्ट्रक्सन, नन्दनी कन्स्ट्रक्सन, जिपिवी कन्स्ट्रक्सन र दामुचन्द्रमाला कन्स्ट्रक्सनविरूद्ध कारबाही प्रक्रिया अगाडि बढेको छ । ती कम्पनीसँगको ठेक्का सम्झौता तोडिएको छ भने कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी उपाध्यायले जानकारी दिए । गत असोजमा ती कम्पनीसँगको सम्झौता तोडिएको हो ।

एघार वर्ष अगाडि विभिन्न सडक निर्माण र मर्मत ठेक्काको सम्झौता गरेका ती निर्माण कम्पनीलाई निर्माण सम्पन्न गर्न तोकता गरिए पनि लामो समयदेखि सम्पर्कमा नआएपछि कारवाही गरिएको कार्यालयले जनाएको छ ।

# बज्रवाराहीमा शिशुको शव फेला पर्‍यो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा शालनाल सहित एक नवजात शिशुको शव फेला परेको छ ।

नगरपालिकाको वडा नंबर ६ को सरस्वती बजार नजिकै १९ चैत्रमा नासलथान खोलाको बगरमा नवजात शिशुको शव फेला परेको जिल्ला प्रहरी कार्यलय मकवानपुरले जनाएको ।

प्रहरीका अनुसार नवजात शिशुको शवको टाउको, हात खुट्टा भागमा जनावरले टोकेको जस्तो देखिएको अवस्थामा फेला परेको छ । घटनाको आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यलय मकवानपुरले जनाएको छ ।

# हेटौंडामा विद्यालय भवन प्रवलिकरण शुरू

◆ विकास संवाददाता

बालबोध मावि हटियाको भवन प्रवलीकरण गर्न सुरु गरिएको छ । हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले प्रविलीकरण कार्यक्रमको हम्बरले गोरोमा हिर्काएर सुरूवात गरे । २०७२ सालको भुकम्पका कारण केही बिग्रीएको भवनको आजबाट प्रवलीकरण सुरू भएको हो । एक करोड ९१ लाख रूपैयाँ लागतमा यस विद्यालयको प्रवलीकरण गर्न लागिएको मेयर महतले बताए ।

भूकम्पपछी मकवानपुरका बिद्यालय निर्माणमा राम्रो काम भएको उनले बताए । यसैबीच एक सय ५० जना डकर्मीको तालिम पनि सुरू भएको छ ।

# वैशाख १८ मा मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचन

◆ विकास संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचन २०७८ वैशाख १८ गते हुने भएको छ । संघको चैत्र १९ गते बसेको कार्यसमिति बैठकले नयाँ मिति तय गरेको हो । संघको ५४ औं वार्षिक साधारण सभाको कार्यक्रम भने बैशाख १५ गते हुने भएको हो ।

यस अघि २०७७ चैत्र २१ गते वार्षिक सभा र २३ गते निर्वाचन कार्यक्रम तय गरेको संघले २०७७ चैत्र ८ गते स्वास्थ्य मन्त्रालयबाट जारी प्रेस विज्ञप्ति र २०७७ चैत्र ९ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट जारी भेला, गोष्ठी, सभा, एबम् भीडभाड हुने कार्यहरू नगर्न सूचना गरेकाले स्थगित गरेको थियो ।

यसैबीच जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट कोभिड संक्रमण बढ्न नदिन स्वास्थ्य सुरक्षाका मापदण्डहरू अपनाएर सभा तथा निर्वाचन कार्यक्रम गर्न सकिने आशयको पत्राचार भएकोले नयाँ मिति तय गरिएको संघले जनाएको छ ।

# भिमफेदीमा प्रशामक सेवा कार्यक्रमको सुरु



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले जेष्ठ नागरिक तथा प्रशामक सेवा कार्यक्रमको सुरू गरेको छ । गाउँपालिकाको वडा नंबर ५ को माथिल्लो सुपिङ्गबाट सुरू भएको कार्यक्रमको शुभारम्भ गाउँपालिकाकी उपाध्यक्ष पार्वती रानाले गरेकी हुन् ।

कार्यक्रमको शुभ आरम्भ गर्दै उपाध्यक्ष रानाले गाउँपालिकाले जेष्ठ नागरिक तथा दिर्घ रोगीहरुका लागि गाउँ घरमै स्वास्थ सेवा कार्यक्रमको सुरू गरेको बताईन् । उनले घरमै स्वास्थ्यकर्मीहरूले जेष्ठ नागरिक तथा दिर्घ रोगीहरूको स्वास्थ्य परीक्षण गर्नुको साथै आवश्यक औषधीहरूको पनि व्यवस्था गरेको बताईन् । उनले स्वास्थ्य परीक्षण कार्यक्रम सबै वडामा गरिने बताईन् ।

कार्यक्रममा ३० जना जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक राम नाम थिङ्ले जानकारी दिए । स्वास्थ्य संयोजक थिङ्का अनुसार स्वास्थ्य परीक्षणमा जेष्ठ नागरिकहरू तथा दिर्घ रोगीहरूको स्वास्थ्य अवस्थाको जानकारी लिनुको साथै आवश्यक परेको अवस्थामा गाउँपालिकालेनै रिफर गरेर उपचार गरिनेछ । थिङ्का अनुसार गाउँपालिकाका अन्य वडाहरूमा पनि क्रमशः जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम आयोजना गर्दै उनीहरूको स्वास्थ्य उपचार गरिनेछ ।

# पत्रकार महासंघ बागमती प्रदेशमा उमेद्वारी दर्ता

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको निर्वाचन कार्यक्रमअन्तर्गत १९ चैतमा उम्मेदवारी दर्ताको प्रक्रिया पूरा भएको छ । पदाधिकारीसहित २१ सदस्यीय प्रदेश समिति चयनका लागि हुँदै गरेको निर्वाचनमा ४२ जनाको उम्मेदवारी परेको छ ।

अध्यक्ष पदका लागि तीन जनाको उम्मेदवारी परेको छ । प्रदेश अध्यक्षका लागि मकवानपुरका गिरिजा अधिकारी, नुवाकोटका शिव देवकोटा र चितवनका हरिप्रसाद पोखरेलको उम्मेदवारी परेको छ । यस्तै खुला उपाध्यक्षमा धादिङका नवराज छत्कुली, मकवानपुरका रूपेश दुलाल र मकवानपुरकै हरिप्रसाद हुमागाईको उम्मेदवारी परेको छ । अल्पसंख्यक सदस्य पदमा भने दोलखाकी निराशी थामीको मात्रै उम्मेदवारी परेको छ ।

महिला उपाध्यक्षमा मकवानपुरकी नानीमैया कार्की (सम्झना) र चितवनकी संगीता आचार्यको उम्मेदवारी परेको छ । महासचिवमा धादिङका केशव अधिकारी र मकवानपुरका कृष्ण सारू मगरको उम्मेदवारी परेको छ । खुला सचिवमा काभ्रेका दयाराम महत र सिन्धुपाल्चोकका युवराज पुरीको उम्मेदवारी परेको छ । समावेशी सचिवमा जीवन लामा र राजन बिकको उम्मेदवारी परेको छ । कोषाध्यक्षमा रमेश ढुंगेल र रामचन्द्र नेपालको उम्मेदवारी परेको छ ।

खुला सदस्य ५ जनाका लागि ११ जनाको उम्मेदवारी परेको छ । खुला सदस्यतर्फ नुवाकोटका कृष्णप्रसाद ढुंगाना र रामहरि गजुरेल, मकवानपुरका गोपी न्यौपाने, सुजन बिडारी र सुदीप सिवाकोटी, सिन्धुपाल्चोकका जीवन कुँवर, चितवनका प्रकाश सिग्देल, रसुवाका प्रेमप्रसाद पौडेल, सिन्धुलीका लक्ष्मण घिमिरे, दोलखाका श्यामप्रसाद खतिवडा र सन्तोष भुजेलको उम्मेदवारी परेको छ । ३ जना महिला सदस्यमा ५ जनाको उम्मेदवारी परेको छ । महिला सदस्यमा सिन्धुलीकी अञ्जु तामाङ, चितवनकी सविता श्रेष्ठ, रामेछापकी ज्ञानु श्रेष्ठ, काभ्रेकी सविता न्यौपाने र सम्झना हुमागाईको उम्मेदवारी परेको छ ।

एकजना दलित सदस्यमा धादिङका केशव नेपाली र सिन्धुपाल्चोकका प्रकाश सुन्दासको उम्मेदवारी परेको छ । दुई जना आदिवासी जनजाति सदस्यमा रामेछापका अमृत बहादुर सुनार, धादिङका काजी श्रेष्ठ, चितवनका गीता गुरूङ र काभ्रेका पेमा लामाको उम्मेदवारी परेको छ । दुई जना मधेशी सदस्यका लागि चितवनकी पवित्रा ढकाल (भगत), प्रविणकुमार दत्त र सरिता महतोको उम्मेदवारी परेको छ ।

उम्मेदवारीमाथि दावी विरोध र अन्तिम नामावली २० चैतमा प्रकाशित हुनेछ भने निर्वाचन कार्यक्रम चैत २५ गतेका लागि तय गरिएको छ ।



# थाहा अस्पतालको ठेक्का लाग्यो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा १५ शैय्याको अस्पताल निर्माणका लागि आशिर्वाद निर्माण सेवा उदयपुरलाई ठेक्का परेको छ ।

आशिर्वादलाई १२ करोड ५७ लाख ७ हजार ६९ रूपियाँमा ठेक्का परेको हो । यद्यपि अस्पताल निर्माणका लागि १८ करोड छ लाख ८२ हजार रूपियाँ लागत अनुमान गरिएको थियो । अस्पताल निर्माणका लागि जेभी सहित २० बोलदाताले बोलपत्र पेश गरेकोमा ५ वटा प्राविधिक मूल्याङ्कनमा छनोट भएका थिए ।

प्राविधिक प्रस्ताव स्वीकृत भएकाहरूको आर्थिक प्रस्तावमा सबैभन्दा कम आशिर्वादको परेको थाहा नगरपालिका योजना महाशाखा प्रमुख विवेक विडारीले जानकारी दिए । थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माण गरिने अस्पताल सम्झौताको २ वर्षभित्र ठेकेदार कम्पनीले निर्माण सक्नूपर्ने प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । निर्धारित समयमा निर्माण कार्य सम्पन्न भएमा नियमानुसार पुरस्कार दिइने प्रशासकीय अधिकृत पुरीले बताए ।

थाहानगरमा १५ शैय्या अस्पताल निर्माणको लागि मंसिर ३० गते बोलपत्र आव्हान भएको थियो ।

# बज्रवाराही माविमा ११ कोठे विद्यालय भवन शिलान्यास




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ को बज्रवाराही माविमा ११ कोठे विद्यालय निर्माण हुने भएको छ । आपतकालिन विद्यालय पुर्ननिर्माण आयोजना अन्तर्गत जाइकाको सहयोगमा भवन निर्माण हुने भएको हो । विद्यालय भवनको थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले १८ चैत्रमा एक समारोहकाबीच शिलान्यास गरे ।

३ करोड १० लाख ८७ हजार १८७ रूपियाँ लागत अनुमान गरिएको ११ कोठे भवन सुबिधा सम्पन्न भवन निर्माणको ठेक्का शर्मा ए.एम.जेभि काठमाडौले पाएको छ । विद्यालय भवन वि.सं. २०७९ श्रावण महिनाभित्र सम्पन्न गर्नुपर्नेछ । राष्ट्रिय पुर्ननिर्माण जिल्ला आयोजना कार्यन्वयन ईकाई (शिक्षा) मकवानपुरका प्रमुख बद्री बहादुर पाठकको विशेष आतिथ्यतामा भएको कार्यक्रमका अतिथि तथा सहभागीहरूलाई विद्यालयका प्रधानाध्यापक रमेश मान डंगोलले स्वागत गरेका थिए ।

शिक्षक निराजन गोपालीको संचालनमा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष शशिधर सुवेदी जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षा मकवानपुर का प्रमुख बद्री बहादुर पाठक र नगर प्रमुख लवशेर बिष्टले मन्तब्य व्यक्त गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वर लाल रूम्बाको सभाध्यक्षतामा भएको उक्त कार्यक्रममा विभिन्न संघ संस्थाहरूका प्रमुखहरू, अभिभावकहरूको उपस्थिति रहेको थियो ।

# आवधिक योजना बनाउनेमा इन्द्रसरोवर जिल्लामै पहिलो




◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका जिल्लाकै स्थानीय तह मध्ये आवधिक योजना निर्माणमा अगाडि हुन सफल भएको छ ।

गाउँपालिकाको पार्श्वचित्र तथा तथ्याङ्कहरूको आधारमा आवधिक योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमाको लागि ३ दिने कार्यशाला गरि जिल्लामै पहिलो स्थानीय तहको रूपमा योजना बनाउन सफल भएको हो । गाउँपालिकाको आयोजना तथा गभर्नेन्स एण्ड डिजाइन सोलुशन नेपालको सहजीकरणमा १४ चैत्रदेखि नगरकोटमा सञ्चालन भएको कार्यशाला समापन भएको हो ।

समापन कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष जीवन लामाले इन्द्रसरोवर कछुवाकै गतिमा भएपनि पहिलो हुने लक्ष्य बोकेर अघि बढेको बताए । निर्वाचित भएलगतै आवधिक योजना निर्माणको प्रक्रिया थालेको भए पनि अहिले सम्म बनाउन नसक्नुमा ढिलाई भए पनि जिल्लामै आफ्नो स्थानीय तह पहिलो भएको बताए । मन्तव्य व्यक्त गर्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारीले चौतर्फी आलोचना र समय अभावका बिच पनि चाडवाड र सार्वजनिक बिदा समेत नभनी गाउँपालिकाको ५ वर्षको खाका कोर्न सम्पुर्ण कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवाला प्रतिबद्ध रहेको प्रती धन्यवाद व्यक्त गरे ।

गाउँपालिकाको विकासमा अघि बढ्दा बढ्दै पनि आवधिक योजना निर्माण कार्य ढिला भएको स्विकार्दै सम्पुर्ण वडाध्यक्षहरूले बनेका योजना बैंकलाई पुर्णता गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गाउँपालिका भित्रका जनप्रतिनिधि, राजनीतिज्ञ दल, विद्यालयका प्रधानाध्यापक, पर्यटन, होटल, मत्स्य, डुङ्गा व्यवसायी, संघका प्रतिनिधि, गाउँपालिकाका विभिन्न शाखाका प्रमुखहरू, बाल क्लबका प्रतिनिधि, सञ्चारकर्मी, लगायत गाउँपालिकाको विकाससँग सम्बन्धित सरोकारवाला नागरिक तथा कर्मचारीहरूको सहभागीतामा गाउँपालिकाको ५ वर्षे योजना निर्माण गरिएको हो ।

# वक्तृत्वकलामा देशमै जनकल्याणकी कार्की दोस्रो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको जनकल्यण माविकी छात्रा ईश्वरी कार्की राष्ट्रियस्तरको वतृत्वकला प्रतियोगितामा दोस्रो भएकी छिन् ।

शैशव मञ्च नेपालले संचालन गरेको प्रतियोगितामा उत्कृष्ट कला प्रदर्शन गर्दै देशभरिबाट थाहा नगरकी कार्की द्वितीय भएकी शिक्षक मनोज रायमाझीले जानकारी दिए । जनकल्याणमा कृषि संकाय कक्षा ९ मा अध्ययनरत छात्रा कार्कीलाई विद्यालयले बधाई तथा शुभकामना व्यक्त गरेको छ ।

विद्यालयले आगामी दिनहरूमा यसै गरी सर्व क्षेत्रमा वर्चस्व राख्न विद्यार्थी, शिक्षक वर्ग एवं सेवाक्षेत्रका अभिभावकहरूको समेत उत्कृष्टताको लागि आ आफ्नो निरूपित अधिकार र कर्तव्यमा समर्पित हुन समेत आग्रह तथा अनुरोध गरेको छ ।

प्रतियोगितामा झापाकी प्रतिक्षा कार्की प्रथम भएकी छन् भने रूकुम पश्चिमका अनिल रोकाय तृतीय भए । प्रतियोगितामा उत्कृष्ट भएकाहरूलाई शैशव मञ्च नेपालले त्रधाई दिएको छ ।

# थाहानगरमा राष्ट्रिय जनमोर्चा मकवानपुरको विस्तारित बैठक

◆ विकास संवाददाता

राष्ट्रिय जनमोर्चा मकवानपुरको विस्तारित बैठक थाहा नगरपालिकाको शिखरकोट स्थित विकास घरमा भएको छ ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुक) का केन्द्रीय कोषाध्यक्ष पुरूषोत्तम कार्कीको प्रमुख आतिथ्यतामा भएको बैठकमा अखिल नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष कृष्णबहादुर विष्ट, अखिल नेपाल महिला सघ मकवानपुरका अध्यक्ष मीरा खड्कालगाएतको आतिथ्यता रहेको थियो ।

गणतन्त्र, राष्ट्रियता र धर्म निरपेक्षताको रक्षा गरौं, सङ्घीयता खारेज गरौं, भ्रष्टाचारका विरूद्ध सङ्घर्ष गरौं मूल नाराका साथ बुटवलमा सम्पन्न हुन गइरहेको राष्ट्रिय जनमोर्चाको चौथो राष्ट्रिय सम्मेलन सफल पार्ने सिलसिलामा सो कार्यक्रम सम्पन्न भएको आयोजकले जनाएको छ ।

कार्यक्रममा मकवानपुरबाट सहभागी हुने प्रतिनिधिहरूको छनोट, सम्मेलनलाई सफल बनाउन प्रचार प्रसार, पर्चा वितरण, भेटघाट सदस्यता वितरण, आर्थिक अभियानलगायतका कामलाई क्षेत्रगत रूपमा विभाजन गरिएको जानकारी दिइएको छ ।

राष्ट्रिय जनमोर्चा मकवानपुरका सचिव दिनेश विष्टको सञ्चालन र राष्ट्रिय जनमोर्चा मकवानपुरका अध्यक्ष निरबहादुर सिन्तानको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको हो ।

विकास खबरपत्रिका साप्ताहिक www.bikaskhabar.com
२०७७ चैत्र २३ गते सोमबार, 05 April. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# शिक्षक संगठन थाहानगरको अध्यक्षमा गोपाली निर्वाचित

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठन थाहानगर समितिको अध्यक्षमा रूपचन्द्र गोपाली निर्वाचित भएका छन्। २१ चैत्रमा थाहा नगरपालिकाको झम्केश्वरी माविमा भएको दोस्रो नगर अधिवेशनबाट गोपाली सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन् ।

समितिको कार्यकाल तीन वर्षको हुनेछ । यसअघि रमेशमान डंगोल थाहानगर अध्यक्ष थिए ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका राष्ट्रिय समिति उपाध्यक्ष विष्णु पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा राष्ट्रिय समिति सदस्य पदमा पौडेल, जिल्ला अध्यक्ष श्रीराम दहाल, उपाध्यक्ष लक्ष्मी गजुरेल, सचिव पुरूषोत्तम आचार्य, सहसचिव प्रतिमा गौतम, सहकोषाध्यक्ष चन्द्रादेवी लामा , नेपाल र ाष्ट्रिय शिक्षक संगठन हेटौंडाका अध्यक्ष मुकुन्द न्यौपाने, हेटौंडा महासंघ अध्यक्ष दिपक अधिकारी, शिक्षक सहकारी



उपाध्यक्ष शिव प्रसाद लामिछाने लगायतको आतिथ्यता रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष गोपालीले निबर्तमान अध्यक्ष रमेशमान डंगोल प्रती आभार व्यक्त गरेका छन् । साथै उनले आफैसंगै निर्वाचित पाअधिकारीहरूलाई बधाई दिएका छन् । उनले आफूलाई अध्यक्षमा निर्वाचित हुन विश्वास गर्ने सम्पूर्णमा आभार व्यक्त गर्दै संगठनको गरिमालाई उचाइमा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# अधिकारी र गौतमको उमेद्वारी

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुरको अध्यक्ष पदका लागि २ जनाले उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्ष पदका लागि बालकृष्ण अधिकारी र मणिराज गौतमले उम्मेदवारी दर्ता गराएका हुन् ।

यसैगरी, महासंघको उपाध्यक्ष पदको लागि ध्रुबप्रसाद अधिकारी र राजन दाहालले उम्मेदवारी दर्ता गराएका छन् । महिला उपाध्यक्षतर्फ सम्झाना रिजाल र सरला अधिकारीले उम्मेदवारी दिएका छन् भने सचिव पदमा रामशरण दुलाल, शुभलक्ष्मी विश्वकर्मा र इन्द्रबहादुर (रमेश) बन्जाराले उम्मेदवारी दर्ता गराएका छन् ।

सह-सचिव समावेशीतर्फ मन्दिरा बानियाँ (मानबी) र रूपकराज कालिराज, खुल्लातर्फ कपिल खड्का, देवराज पन्त, यम प्रसाद पौडेल (एपी शर्मा) र राज सापकोटाले उम्मेदवारी दिएका छन् । कोषाध्यक्ष पदका लागि केशव समर्पण सुबेदी र तिलक अधिकारीले उम्मेदवारी दिएका छन् ।

सदस्य महिलातर्फ प्रतिक्षा न्यौपाने र रूपा गुरूङले उम्मेदवारी दर्ता गराएका छन् भने सदस्य दलिततर्फ शान्ति सुनारको मात्र उम्मेदवारी परेको छ । त्यस्तै सदस्य आदीबासी जनजातिमा अजिता नगरकोटी, नवराज वाईबा र सदस्य (मधेशी) आदित्य कर्ण र मनिल महतो, अन्य समावेशीतर्फको सदस्यका लागि भने कसैले पनि उम्मेदवारी परेको छैन ।

खुल्लातर्फको सदस्यका लागि भने १७ जनाले उम्मेदवारी दिएका छन् । ६ पदका लागि १७ जना चुनावी मैदानमा होमिएका छन् । उक्त पदका लागि अर्जुन संञ्जेल, अशेष ढुंगाना, उज्ज्वल अधिकारी, जिबराज बखेल, दिलबहादुर लामा, नानीमाया सापकोटा (गौतम)लगायतले उमेद्वारी दिएका हुन् ।

# नून किन्दा दोब्बर मूल्य

◆ विकास संवाददाता

मकवानपुर र चितवनका दुर्गम क्षेत्रका उपभोक्ताले एक प्याकेट नुनको ५० देखि ५५ रूपैयाँसम्म तिर्नुपरेको छ । मकवानपुरको उत्तरी पश्चिमी क्षेत्रमा पर्ने राक्सिराङ गाउँपालिका-७ का बासिन्दाले प्रतिकिलो नुन ५० रूपैयाँमा किनिरहेका छन् । राक्सिराङ-७ गर्लिङ्की पसले दुदुमाया तामाङले प्रतिप्याकेट नुन ५० रूपैयाँमा बिक्री गर्दै आएको बताइन् ।

भरतपुरको भण्डारा बजारमा २० रूपैयाँ किलोमा पाइने नुन ढुवानी भाडा बढी भएका कारण ५० परेको उनको भनाइ छ । हिउँदका महिनामा गाडीले एक किलो १२ रूपैयाँ र बर्खामा १५ रूपैयाँ ढुवानी भाडा लिने गरेको उनले सुनाइन् । बर्खामा भरियाले बोकेर ल्याउने गरेका छन् । भण्डाराबाट गर्लिङ करिब ३० किलोमिटर टाढा पर्छ । गर्लिङभन्दा अझ दुर्गमको धिराङका बासिन्दाले प्रतिकिलो नुनको ५५ रूपैयाँसम्म तिर्नुपरेको छ । 'धिराङमा यही नुन ५५ पैयाँमा बिक्री भइरहन्छ,' तामाङले भनिन्, 'उधारोमा चेपाङहरूलाई बिक्री गर्नुपर्छ । केही त असुल्नै ढिलो हुन्छ । अलिकति नाफा नलिई कसरी पसल चलाउनु ।'

गर्लिङ, दामराङ, धिरङलगायत क्षेत्रमा चेपाङ समुदायको बसोवास छ । यो क्षेत्रको भूगोल मात्रै विकट नभई गरिबीको पनि मारमा छ । यहाँका चेपाङ समुदायलाई आफ्नो उत्पादनले तीन महिनामा पनि खान पुग्दैन । त्यसमाथि पनि कृत्रिम महँगीले ढाड सेकिने गरेको छ । उनीहरू स्थानीय स्तरमा दिनभर श्रम गरेको बढीमा २ सय रूपैयाँ मात्र ज्याला पाउँछन् । चितवनका दुर्गम क्षेत्रका चेपाङ समुदाय पनि महँगो मूल्यमा नुन खान बाध्य छन् । किलोको २० रूपैयाँ पर्ने नुनको यहाँ ७ रूपैयाँ बढी तिर्नुपरेको राप्ती नगरपालिका-१३ को पहाडी गाउँ लोथरको सार्लिङका मानबहादुर चेपाङ बताउँछन् । नगरपालिकाको केन्द्र पूर्व-पश्चिम महेन्द्र राजमार्ग आडको भण्डाराबाट उनको गाउँ ४०/४५ किलोमिटर टाढा छ ।

भण्डाराबाट नुन किनेर गाडीमा राखेर घर गए एक किलोको ७ पैयाँ भाडा तिर्नुपर्ने नियमले उनले किनेको नुन ७ रूपैयाँ महँगो हुन्छ । 'गाडी आएपछि सजिलो भयो भनौं कि अप्ठ्यारो पऱ्यो भनौं । नुनकै किलोको ७ रूपैयाँ बढी तिर्नुपर्छ,' उनले भने । मानबहादुरको गाउँ मोटरबाटोले अझै छोएको छैन । सडकबाट आधा घण्टा फटाफट हिँडेपछि बल्ल उनको घर पुगिन्छ । मोटर चल्ने ठाउँबाट भण्डारासम्मको भाडा २ सय रूपैयाँ लाग्छ । सामानको किलोको ७ रूपैयाँका दरले बुझाउनुपर्छ । गाउँबाट आक्कलझुक्कल भण्डारा जाने भएका कारण फर्कदा पाँच-सात पोका नै नुन ल्याएर आउने गरेको उनले बताए । 'एक पोका भए त झोलातिरै राख्थ्यौं । तर एक पोका ल्याएर धेरै दिन पुग्दै पुग्दैन ।' उनले भने ।


## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना !

प्रथमपटक प्रकाशित मितिः २०७७/१२/२३

यस श्री जनकल्याण मा.वि. थाहा नगरपालिका वडा नम्बर-३, मकवानपुरको लागि CTEVT बागमती प्रदेश हेटौंडाबाट शैक्षिक उपकरण खरिदका लागि प्राप्त रु.१२,००,०००/- (बाह्र लाख) बराबरको उपकरण खरिद गर्नुपर्ने भएकोले सम्बन्धित दरभाउपत्र/बोलपत्रदताहरु र अन्य सरोकारवालाहरुको जानकारीका लागि शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

खरिद गर्नुपर्ने उपकरणको सूची विद्यालयबाट प्राप्त हुने समेत जानकारी गराइन्छ ।

थप जानकारीका लागि :
श्री जनकल्याण मावि, थाहा-३ मकवानपुर
सम्पर्क नं. ९८५५०६७६९५ (प्र.अ.) ९८४५०७०६७९ (अध्यक्ष)






## सूचना ! सूचना !! सूचना !!!

दोस्रो पटक प्रकाशित मितिः २०७७/१२/१३

थाहा नगरपालिका सामाजिक विकास समितिको निर्णयानुसार महिला उद्यमलाई विकास तथा विस्तार गर्नको लागि प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमका लागि देहायका शर्तहरुसहित १५ दिने सूचना दोस्रो पटकका लागि प्रकाशन गरिएको व्यहोरा सरोकारवाला हरुका लागि जानकारीका लागि अनुरोध छ ।

तपशिलः
- घरेलु तथा उद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका/वडामा अनिवार्य व्यवशाय दर्ता भएको हुनुपर्नेछ ।
- यसभन्दा अघि कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेकाहरुलाई विशेष अवसर प्रदान गरिनेछ ।
- समूहमा व्यवसाय गरेकाहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।
- विपन्न दलित तथा एकल महिलालाई प्राथमिकता दिइनेछ ।
- प्रविधि हस्तान्तरण कार्यक्रमको अधिक्तम रु. ५०,०००/- सम्मको अनुदान प्रदान गरिनेछ ।
- लाभग्राही छनोट तथा अनुदान रकम निर्धारण गर्ने प्रक्रिया सामाजिक विकास समितिमा निहित हुनेछ ।

आवश्यक कागजातः
- व्यवसाय दर्ताको प्रमाणपत्र ।
- हस्तलिखित निवेदन ।
- वडा कार्यालयको सिफारिस ।
- हालसम्म थाहा नगरपालिकाको व्यवसाय प्रवर्द्धन शीर्षकबाट अनुदान नलिएको तथा अन्य सरकारी कार्यालयबाट लिएको भए सोको विवरण ।

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी